मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल
(कर्मचारी प्रशासन शाखा)

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८,५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

पत्र संख्याः क.प्र.।२०७९।०८०

मितिः २०७९।०४।१९

च.नं.: १९५

**विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री सवै मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री प्रदेश जनलोकपाल आयोगको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेश, जनकपुरधाम।

श्री प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम।

श्री सबै निकाय, मधेश प्रदेश अन्तर्गत।

उपरोक्त बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय(राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा), सिंहदरवार, काठमाडौंको च.नं.६०८६ मिति २०७९।०१।११ गतेको निर्णय कार्यान्वयन सम्बन्ध विषयक पत्रसाथ प्राप्त निर्णय यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ।

धनंजय कुमार सिंह
कम्प्युटर अधिकृत

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय(राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा), सिंहदरवार, काठमाडौं।

श्री सूचना तथा संचार समन्वय शाखाः Web site मा Upload गरी दिनु हुन।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८/७९
च.नं. : ६०८६

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मिति: २०७९।०१।११

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सातवटै प्रदेश ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ३ बमोजिम गठित केन्द्रीय समन्वय एकाइको मिति २०७८/१२/३० गते एकाइका संयोजक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा बसेको बैठकबाट सूचनाको हकको प्रभावकारी प्रचलन गर्ने/गराउने सम्बन्धमा भएका निर्णयहरू तहाँको जानकारी एवं आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**बोधार्थः**
श्री राष्ट्रिय सूचना आयोग, देवीनगर, बानेश्वर ।

(मनोजकुमार आचार्य)
सहसचिव एवं सदस्य सचिव
केन्द्रीय समन्वय एकाइ

दर्ता नं. २३८२
मिति २०७९।१।२१
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मधेश प्रदेश

**सूचनाको हक कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ३ बमोजिम गठित केन्द्रीय समन्वय एकाइको मिति २०७८ चैत्र ३० गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री सूर्यप्रसाद गौतमज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना अधिकारीलाई सम्बन्धित कार्यालयबाट भइरहेका कामकारवाहीहरूको बारेमा अद्यावधिक र पर्याप्त सूचना/जानकारी आवश्यक हुने कुरालाई मध्यनजर गरी प्रत्येक मन्त्रालय/विभाग/निकायले आफ्नो कार्यालयबाट भएका महत्त्वपूर्ण निर्णय तथा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूको विवरण सूचना अधिकारीलाई नियमित रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउने । कार्यालयको महत्त्वपूर्ण बैठकहरूमा सूचना अधिकारीलाई अनिवार्य रूपमा सहभागी गराउने व्यवस्था मिलाउने ।

२. कतिपय निकायमा सूचना अधिकारीले एकभन्दा बढी शाखाको जिम्मेवारी निर्वाह गर्नुपर्नाको कारण समयमै सूचना प्रवाह गर्न कठिनाइ परिरहेको कुरालाई मध्यनजर गरी सूचना अधिकारीलाई सम्भव भएसम्म धेरै बोझपर्ने गरी जिम्मेवारी नतोक्ने । धेरै सूचना माग हुने कार्यालयहरूमा सूचना अधिकारीलाई सूचना सङ्कलन र प्रशोधनमा सहयोग गर्न अधिकृतस्तरको एकजना सहयोगी तोक्ने व्यवस्था मिलाउने ।

३. प्रत्येक निकायले सूचना अधिकारीलाई सूचना प्रवाह गर्न सहजीकरण गर्न कार्यालयको विनियोजित बजेटको परिधिभित्र रही उपयुक्त शीर्षकबाट खर्च व्यहोर्ने गरी न्यूनतम सुविधाहरू जस्तै मोबाइल सेट, सिम कार्ड, मोबाइल रिचार्ज कार्ड, इन्टरनेट सुविधा तथा अन्य प्रोत्साहनको व्यवस्था गर्ने ।

४. कतिपय निकायहरूमा सूचना अधिकारीहरू छिटो छिटो परिवर्तन हुने गरेबाट सूचना प्रवाहमा व्यवधान आउनुको साथै कार्यालयको संस्थागत संस्मरण कमजोर हुन गएको कुरालाई दृष्टिगत गरी एक पटक सूचना अधिकारी तोकिसकेपछि विशेष परिस्थितिमा बाहेक निश्चित अवधि पूरा नभएसम्म सूचना अधिकारीको जिम्मेवारी परिवर्तन नगर्ने व्यवस्थालाई सम्बन्धित सबै निकायले प्रभावकारी तवरले कार्यान्वयन गर्ने ।

५. सूचना अधिकारीहरूको क्षमता विकासका लागि केन्द्रीय निकायले आफू मातहतका विभाग/निकायका सूचना अधिकृतहरूको लागि आवश्यक तालिम/प्रशिक्षण/अभिमुखीकरण कार्यक्रम निश्चित समयको अन्तरालमा सञ्चालन गर्ने ।

६. केन्द्रीय स्तरका निकायका सूचना अधिकारीहरूको क्षमता विकासका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राष्ट्रिय सूचना आयोगसँग समन्वय गरी केन्द्रीय स्तरको अन्तर्क्रिया/अभिमुखीकरण सञ्चालन गर्ने ।

७. राष्ट्रिय सूचना आयोगको मिति २०७८।११।०५ को बैठकबाट निर्णय भएअनुसार सबै सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयनसम्बन्धी बजेट तथा कार्यक्रम व्यवस्था गर्न लेखी आएको सन्दर्भमा यस विषयमा सबै केन्द्रीय स्तरका निकायहरूले आफू र आफू मातहतका निकायहरूमा आयोगबाट लेखी आएअनुसारको व्यवस्था गर्ने, गर्न लगाउने ।

८. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ८ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम सूचना प्राप्त गर्दा लाग्ने दस्तुर सम्बन्धमा रहेको अन्यौललाई सम्बोधन गर्ने सम्बन्धमा "सूचना जतिसुकै पृष्ठको भए तापनि दश पृष्ठसम्म शुल्क नलिने र सोभन्दा बढी प्रति पृष्ठको नियम ४(२) बमोजिमको दस्तुर लिने" व्यवस्था मिलाउन राष्ट्रिय सूचना आयोगको मिति २०७८।०६।०७ को बैठकबाट निर्णय भएअनुसार गर्न गराउन सबै केन्द्रीय स्तरका निकायहरूमा लेखी पठाउने ।

९. हाल सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम नेपाल सरकारका श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा गठित समितिबाट सार्वजनिक निकायमा रहेका सूचनाहरूको वर्गीकरण गर्ने कार्य भइरहेकोले सो समितिबाट माग भएबमोजिमका सूचना/विवरणहरू यथाशीघ्र उपलब्ध गराई सूचना वर्गीकरणको काममा सहयोग पुऱ्याउन केन्द्रीयस्तरका सबै निकायहरूलाई अनुरोध गर्ने ।

१०. सूचना प्रवाह गर्दा आफ्नो कार्यालयबाट निर्णय भएका वा सम्पादन भएका विषयको सूचना मात्र प्रवाह गर्ने । आफ्नो कार्यालयसँग असम्बन्धित विषयमा सूचना माग भएकोमा सूचना उद्गम भएको निकायमा नै सूचना माग गर्न सम्बन्धित पक्षलाई अनुरोध गर्ने ।

सचिव